नेपाली राजदूतावास
नयाँ दिल्ली
EMBASSY OF NEPAL
New Delhi

## अनुरोध

१. यस राजदूतावासले भारतीय विमानस्थल प्रयोग गरी साउदी अरब, ओमान, कतार, कुवेत, संयुक्त अरब ईमिरेट्स, बहराइन, इराक, लिबिया र लेबनान वा ती मुलुकहरू ट्रान्जिट हुदै अन्य देश जाने नेपालीहरूलाई भारतीय अध्यागमनमा आवश्यक पर्ने सिफारिस पत्र (No Objection Certificate/NOC) निःशुल्करुपमा जारी गर्दै आएको छ ।

१. NOC को लागि यात्रा गर्ने मितिले एक हप्ताअघि राजदूतावासमा आएर वा ईमेल consularnepalembassy@gmail.com वा hotline/whatsApp +918929601925 मार्फत निवेदन प्राप्त भएमा राजदूतावासले निःशुल्करुपमा तुरुन्त उपलब्ध गराउने गरेको छ । उक्त NOC अवस्था हेरी कार्यालय समय अघि-पछि तथा सार्वजनिक विदाको दिनमा समेत प्राथमिकताका साथ उपलब्ध गराउदै आएको छ ।

२. हालैका दिनमा नेपालीहरू अनधिकृतरुपले पर्यटक भिसामा खाडी मुलुकमा गई विचल्ली परेको गुनासो, समाचार र सूचनाहरू प्राप्त हुन आएको छ । यस प्रति राजदूतावासको ध्यान आकर्षित भएको छ र त्यस्तो अवान्छित कार्यमा संलग्न व्यक्तिहरूउपर यस राजदूतावासले आवश्यक छानबिन कार्य अघि बढाएको छ ।

३. तसर्थ, ती मुलुकहरू तर्फ प्रस्थान गर्नु अगाडि राजदूतावासमा सम्पर्क गरी आधिकारिक जानकारी लिन हुन तथा आवश्यक कागजातरू पेश गरी निःशुल्करुपमा No Objection Certificate लिन सम्बन्धित सबैमा यस राजदूतावास अनुरोध गर्दछ । साथै, कसैको प्रलोभनमा परी नक्कली NOC लिने/दिने कार्य नगर्न, यस्ता अवाञ्छित गतिविधि गर्नेहरूदेखि सावधान रहन तथा यस्तो दण्डनीय क्रियाकलापमा संलग्न नहुन सम्पूर्ण सेवाग्राही दिदीवहिनी तथा दाजुभाइमा राजदूतावास हार्दिक अनुरोध गर्दछ ।

नेपाली राजदूतावास,
नयाँ दिल्ली
२०७८ माघ १४ गते